पोखरा महानगरपालीका

गण्डकी बहुप्रबिधिक शिक्षालय

# छात्रवृति व्यवस्थापन कार्यविधि

२०७८

# प्रस्तावनाः-

विपन्न, दलित, उत्पीडित समाजमा पछि परेका बर्गको क्षमता विकाश, सिप तालिमको माध्यमद्धारा सशक्तिकरण गर्दै रोजगारमुलक शिप मार्फत स्वरोजगार र उद्यमशिलताको प्रवर्धन गर्न, स्थानीय आवश्यकता अनुसारको प्रविधिको खोज अनुसन्धान र विकासद्वारा पोखरा महानगरपालिकाको दिगो विकास, व्यवस्थित शहरीकरण र नगर समृद्धिको सपनालाई साकार पार्न आवश्यक प्राविधिक जनशक्ति, उत्पादन गर्दै राष्ट्रिय र अन्तरास्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने युवा जनशक्ति र प्रविधिको विकास गर्न बाञ्छनिय भएकाले स्थानीय सरकार संचालन ऐन को दफा १०२ (१) बमोजिम गण्डकी बहुप्राविधिक शिक्षालय ऐन २०७६, अन्तर्गत गण्डकी बहुप्राविधिक शिक्षालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि तयार गरिएको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यस ऐनको नाम गण्डकी बहुप्राविधिक शिक्षालय ***छात्रवृत्ति व्यवस्थापन कार्यविधि-२०७८*** रहनेछ ।

ख) यो कार्यविधि गण्डकी बहुप्राविधिक शिक्षालय संचालन समितिबाट स्वीकृत गरी कार्यसमितिले तोकेको मिति देखि लागु हुनेछ ।

ग) यो कार्यविधि गण्डकी बहुप्राविधिक शिक्षालयमा मात्र लागु हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) ‘‘शिक्षालय’’ भन्नाले गण्डकी बहुप्राविधिक शिक्षालयलाई बुझ्नुपर्दछ ।

ख) ‘‘संचालक समिति’’ भन्नाले गण्डकी बहुप्राविधिक शिक्षालय ऐन २०७६ बमोजिम गठित संस्थाको संचालक समितिलाई बुझ्नुपर्दछ ।

ग) ‘‘ऐन’’ भन्नाले गण्डकी बहुप्राविधिक शिक्षालय ऐन २०७६ लाई सम्झनु पर्दछ ।

घ) ‘‘कोष’’ भन्नाले गण्डकी बहुप्राविधिक शिक्षालयको कोषलाई बुझ्नुपर्दछ ।

ङ) ‘‘स्थानीय पदाधिकारी’’ भन्नाले स्थानिय तहको अध्यक्ष वा प्रमुखलाई बुझ्नुपर्दछ ।

च) “महानगर” भन्नाले पोखरा महानगरपालिकालाई बुझ्नुपर्दछ ।

छ) “अध्यक्ष” भन्नाले सञ्चालक समितिको अध्यक्षलाई जनाउने छ ।

ज) “सदस्य-सचिव” भन्नाले सञ्चालक समितिको सदस्य सचिवलाई जनाउने छ ।

झ) “निर्देशक“ भन्नाले गण्डकी बहुप्राविधिक शिक्षालय ऐन- २०७६ को दफा ११ बमोजिम नियुक्त शिक्षालयको प्रमुख ब्यक्ति बुझ्नुपर्दछ ।

ञ) “शैक्षिक प्रमुख“ भन्नाले गण्डकी बहुप्राविधिक शिक्षालय ऐन- २०७६ को दफा १२ बमोजिम नियुक्त शिक्षालयको शैक्षिक गतिविधिहरु संचालन गर्ने प्रमुख बुझ्नुपर्दछ ।

ट) “प्रशासन प्रमुख“ भन्नाले गण्डकी बहुप्राविधिक शिक्षालय ऐन- २०७६ को दफा १२ बमोजिम नियुक्त शिक्षालयको प्रशासनिक गतिविधिहरु लेखा, परीक्षा र प्रशासन संचालन गर्ने प्रमुख बुझ्नुपर्दछ ।

ठ) “छात्रवृत्ति व्यवस्थापन कार्यविधि“ भन्नाले गण्डकी बहुप्राविधिक शिक्षालय संचालन समितिबाट स्वीकृत गरी तयार गरिएको छात्रवृत्ति व्यवस्थापन कार्यविधि-२०७८ सम्झनु पर्दछ ।

ड) “छात्रवृत्ति“ भन्नाले तोकिएको आधार अनुसार छनोट भएका विद्यार्थीहरूलाई विद्यालयले निःशुल्क वा सहुलियत शुल्कमा अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई जनाउँछ ।

## परिच्छेद-२
उद्धेश्य

**उद्धेश्य**

यस कार्यविधिका उद्धेश्यहरू निम्नलिखित रहेका छन् :-

क) छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु ।

ख) लक्षित वर्गले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

ग) छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूको भूमिका स्पष्ट पार्नु ।

परिच्छेद-३
## समिति सम्बन्धी व्यवस्था :

**१. गण्डकी बहुप्राविधिक शिक्षालयमा मा देहायका पदाधिकारीहरू रही ३ (तिन) सदस्यीय एक छात्रवृत्ति व्यवस्थापन समितिको गठन हुनेछ :-**

क) समिति संयोजक : संचालक समितिले तोकेको सदस्य : संयोजक - १ जना

ख) सदस्य : पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख वा निजले तोकेको प्रतिनिधि - १ जना

ग) सदस्य सचिव : शिक्षालयको निर्देशक

अ) छात्रवृत्ति व्यवस्थापन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

आ) वैठक संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२. गण्डकी बहुप्राविधिक शिक्षालय छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाम बमोजिम हुनेछ :-

क) शिक्षालयको प्रविणता तहको भर्ना प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा निर्धारित संख्याको लागि परिषद्को तालिका अनुसार र ट्रेड कोर्षहरुको भर्ना संचालक समितिले निर्धारण गरेको संख्या र तालिका अनुसार हुनेछ । भर्ना भएका विद्यार्थीहरुबाट अनुसुचि-१, बमोजिम पूर्ण र सहुलियत छात्रवृती आबेदन फारम खुलाई लिखित एब अन्तरबार्ताको आधारमा छात्रवृतीका लागि विद्यार्थीहरु छनौट गरिने छ ।

ख) विद्यार्थी भर्नाका आधारमा प्रत्येक संकायमा भर्ना भएका विद्यार्थीहरुलाइ आधार मानेर १२.५ प्रतिशतले हुन आउने विद्यार्थीहरुका लागि छात्रवृत्ति कोटाहरु सिर्जना गरिनेछन ।

ग) प्राप्त आवेदनहरूको रुजु गरी परीक्षाको मिति तोकि परीक्षा संचालन गर्ने र परीक्षा भएको मितिले एक हप्ता भित्र नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

घ) परीक्षामा उत्तीर्ण हुनेहरूको हकमा कक्षागत र आरक्षित समूहको योग्यताक्रमको आधारमा छात्रवृत्तिको अन्तिम नामावली तयार गरी बिद्यार्थिको नाम सिफारिस गर्ने

ङ) यसरी छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूलाई भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क लिन नपाउने व्यवस्था गर्ने ।

च) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई निजको मञ्जुरी वेगर आवास, भोजन, यातायात जस्ता अन्य विषयमा बस्नै पर्ने, लिनै पर्ने वाध्यात्मक परिस्थिति सिर्जना नगर्ने व्यवस्था गर्ने ।

छ) छात्रवृत्तिलाई व्यवस्थित गर्न यस कार्यविधि प्रतिकुल नहुने गरी आवश्यक विनिनियमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ज) छात्रवृत्तिका सम्बन्धमा ताल्लुक निकायले दिएको निर्देशनानुसार काम गर्ने गराउने ।

## परिच्छेद- ४
छात्रवृत्ति छनौटका आधारहरु

प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी छनौट गर्दा तपशिल बमोजिमका प्रक्रियाहरु अपनाउनु पर्नेछ ।

क) गण्डकी बहुप्राविधिक शिक्षालयमा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ती प्राप्त गर्नका लागी विद्यार्थीहरुलाई फाराम भर्न आह्वान गरी अनुसुची-२ बमोजिमका आधारहरु सहित सुचना प्रकाशन गर्ने ।

ख) विद्यार्थीहरुबाट प्राप्त निवेदन अनुसुचि-२ बमोजिमका आधार बमोजिम हुने गरी छुट्टाछुट्टै दर्ता गर्ने ।

ग) दर्ता भएका निवेदन, विद्यार्थीका कागजजात तथा प्रमाणहरु रुजु गर्ने ।

घ) उपदफा (ख) र (ग) बमोजिमका विद्यार्थीहरुका विवरण र प्रमाणित कागजजातको आधारमा अनुसुची ३ अनुसारको ढाचामा विद्यार्थीहरुलाई अङ्क प्रदान गर्ने ।

ङ) प्राप्त गरेको अङ्कका आधारमा योग्यताक्रम तयार गर्ने ।

च) तयार गरिएको योग्यताक्रम समितीमा पेश गर्ने र समितीले छात्रवृत्तिका लागि विद्यार्थीको छनौट गर्ने ।

छ) छनौट भएका विद्यार्थीहरुलाई सुचना प्रकाशन गरि छात्रवृत्ती प्रदान गरिनेछ ।

## परिच्छेद-५
## विविध

**कार्यविधिमा शंशोधन :** यस कार्यविधिमा शंशोधन गर्नुपर्ने भएमा समितीको सिफारिसमा शिक्षालय व्यवस्थापन समिती मार्फत आवश्यक संशोधन गर्न सक्नेछ ।

**प्रचलित कानुन लागू हुने** : यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसग बाझिएमा प्रचलित कानुनको व्यवस्था लागू हुनेछ ।

**बचाउ तथा खारेजी :** यस अघि भए गरेका छात्रवृत्ति वितरण सम्बन्धि कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसुचि-१

परिच्छेद २ दफा ४ उपदफा १ (क) सग सम्बन्धित

**गण्डकी बहुप्राविधिक शिक्षालय**

पोखरा-२९, भण्डारढिक

कास्की नेपाल

**<u>गण्डकी बहुप्राविधिक शिक्षालयको छात्रवृत्ती आवेदन फारम</u>**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको नाम : | | | | | २ | अध्ययनरत तह/बर्ष/सेमेष्टर | | |
| ३ | ठेगाना | स्थायी ठेगाना | | | | | | | |
| | | अस्थायी ठेगाना | | | | | | | |
| ४ | लिङ्ग | क) | महिला | ख) | पुरुष | ग) | अन्य | ५.जन्ममिती : | |
| ६ | अपाङ्ग भएमा वर्ग खुलाउने: | क) | नभएको | ख) | भएको | | | | |
| ७ | जाती/जनजाती : | क) | ब्राम्हण/क्षेत्री | ख) | जनजाती | ग) | दलित | घ | अन्य |
| ८ | **SEE/SLC/TSLC** पास गरेको अध्ययन सस्थानको नाम : | | | | | | | | |
| ९ | सम्पर्क फोन नं.: | | | १० | नागरीकता नं.: | | | | |
| ११ | हजुरबुबाको नाम.: | | | ११ | बाबुको नामथर : | | | | |
| १३ | आमाको नामथर : | | | | | | | | |
| १४ | बुबाआमाको अवस्था : | क) | दुवै जना भएको | ख) | बुबा भएको आमा नभएको | ग) | आमा भएको बुबा नभएको | घ | दुवै नभएको |
| १५ | SEE/SLC/TSLC को ग्रेड/प्रतिशत : | | | | | | | | |
| १६ | पारिवारिक आयस्रोत | क) | कृषी | ख) | रोजगारी | ग) | व्यापार | घ | घरभाडा |
| | | ङ | बैदेशिक आय | च) | अन्य | | | | |
| १७ | छात्रवृत्ती फारम भरेको समुह | क) | जेहेन्दार/खुल्ला | ख) | महिला | ग) | जनजाती | घ | दलित |
| | | ङ | अपाङ्गता | च) | मधेसी | छ | शहिद परिवार | | |

| **निवेदन**<br>सम्बन्धित विद्यार्थीको: | | **सिफारिस गर्ने**<br>शैक्षिक प्रमुख | | **प्रमाणीत गर्ने गर्ने**<br>सम्बन्धित शिक्षण सस्थाका निर्देशक | |
|---|---|---|---|---|---|
| नाम: | | नाम: | | नाम: | |
| हस्ताक्षर: | | हस्ताक्षर: | | हस्ताक्षर: | |
| मिति : | | मिति : | | मिति : | |
| सम्पर्क नं. | | सम्पर्क नं. | | सम्पर्क नं. | |

| शिक्षालयले भर्ने | | शिक्षालयको छाप |
|---|---|---|
| फाराम दर्ता नम्बर: | | |
| फाराम दर्ता मिति: | | |
| फाराम दर्ता गर्नेको अधिकारीको नाम: | | |
| फाराम दर्ता गर्नेको अधिकारीको हस्ताक्षर: | | |

**<u>फाराम साथ अनिवार्य रुपमा पेशगर्नु कागजातहरु : (कागजजात अपुग भएका फाराम दर्ता गर्न नहुने)</u>**

१ विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी
२ सम्बन्धित कक्षामा अध्ययन गर्दै विद्यार्थी परिचयपत्रको प्रतिलिपी
३ अपाङ्गताको लागि आधिकारीक निकायबाट प्रदान गरिएको अपाङ्गताको परिचयपत्रको प्रतिलिपी
४ आमा वा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा वा बुवा वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै सिफारिस पत्र
५ आदिवासी/जनजातिको लागि उक्त जाति हो भनि आधिकारीक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि (नेपाल आदिवासि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत
५ नभएकाहरुका लागि मात्र)
६ दलितहरुको हकमा उक्त थर भएको व्यक्ति दलितजाति हो भनेर आधिकारिक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि (राष्ट्रिय दलित आयोगमा सुचिकृत नभएकाहरु
७ शहिद परिवारहरुको हकमा आधिकारिक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि
८ SEE/SLC/TSLC उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी
९ आमा वा बुवाको सक्कल नागरिकताको फोटोकपी

अनुसुचि-२

| गण्डकी बहुप्राविधिक शिक्षालय छात्रवृत्ति प्रदान गर्ने आधारहरु |
|---|
| गण्डकी बहुप्राविधिक शिक्षालय |
| पोखरा-२९, भण्डारढिक |
| कास्की नेपाल |

**गण्डकी बहुप्राविधिक शिक्षालय छात्रवृत्ति प्रदान गर्ने आधारहरु**

| क.स. | छात्रवृत्तिप्रदान गर्ने वर्गहरु | सख्या/प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | जेहेन्दार/खुल्ला | ५५ | आधार २, ३, ४, ५ र छ बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट नभएका आधार १ को योग्यताक्रम बाट छनौट गरिनेछ। |
| २ | महिला | १५ | |
| ३ | आदिवासि/जनजाति | १२ | |
| ४ | दलित | ८ | |
| ५ | अपाङ्ग | ५ | |
| ६ | शहिद परिवार | ५ | |
| | | १०० | |

| अनुसुचि-३ | | | | |
|---|---|---|---|---|
| गण्डकी बहुप्राविधिक शिक्षालय छात्रवृत्ति प्रदान गर्नका लागि छनौटको मुल्याङ्कन फाराम | | | | |
| गण्डकी बहुप्राविधिक शिक्षालय | | | | |
| परिच्छेद ३ दफा ५ को उपदफा (घ) सँग सम्बन्धित | | | | |
| **क.म** | **मुल्याङ्कनका आधारहरु** | **पुर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| **१** | **SEE/SLC/TSLC अध्ययनरत सस्था** | **२०** | | |
| क | सामुदायिक/सरकारी | २० | | |
| ख | गुठी | १८ | | |
| ग | सस्थागत | १५ | | |
| घ | अन्य | १२ | | |
| **२** | **बुबाआमाको अवस्था** | **२०** | | |
| क | बुबाआमा दुवै नभएको | २० | | |
| ख | बुबा भएको आमा नभएको | १८ | | |
| ग | आमा भएको बुबा नभएको | १७ | | |
| घ | बुबाआमा दुवै भएको | १२ | | |
| **३** | **परिवारको प्रमुख आयस्रोत** | **२०** | | |
| क | कृषी | २० | | |
| ख | रोजगारी | १८ | | |
| ग | व्यापार | १४ | | |
| घ | घरभाडा | १४ | | |
| ङ | बैदेशिक आय | १८ | | |
| **४** | **SEE/SLC/TSLC को ग्रेड/प्रतिशत :** | **२०** | | |
| क | ३.६ वा सो भन्दा माथी | २० | | |
| ख | ३.६ देखी ३.५९ सम्म | १७ | | |
| ग | २.० देखी २.७९ सम्म | १४ | | |
| घ | २.० भन्दा कम | ११ | | |
| **५** | **अन्तवार्ता** | **२०** | | |
| | **जम्मा** | | | |